नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
बागमती अञ्चल, काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९, लैनचौर
फोन नं. ४४३५५१६, ४४३५६१३

# सूचनाको हक सम्वन्धि ऐन २०६४ को दफा ५ उपदफा (३) बमेजिमको आ.व २०७४/७५ को चौंथो त्रयमाशको विवरण

**क. निकायको स्वरुप र प्रकृति:**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम नेपाल राष्ट्र बैंकवाट बैकिङ्ग कारोवार संचालन गर्न "क" वर्गको ईजाजत प्राप्त बैंक ।

**ख. निकायको काम, कर्तव्य र अधिकार:**

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ तथा बैंकको प्रवन्धपत्रमा व्यवस्था भए वमोजिमका काम, कर्तव्य र अधिकार ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विभाजन :**

कार्यरत कर्मचारी संख्या ८७१ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद बैंकको वेवसाईट www.nepalsbi.com.np वाट जानकारी लिन सकिन्छ ।

**घ. निकायवाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३) बमोजिम "क" वर्गको ईजाजतपत्र प्राप्त बैंकले दिन सक्ने सम्पूर्ण सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईटबाट जानकारी प्राप्त गर्न सकिनेछ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सँग सम्बन्धित आवश्यक अन्य सम्पूर्ण विषय बस्तुहरु यस बैंकको वेवसाईटमा प्रकाशित गरिएको छ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

बैकिङ्ग कारोवारका सम्वन्धमा शाखा प्रवन्धक, क्षेत्रीय प्रवन्धक, बिभागीय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । प्रवन्ध संचालक (प्रमुख कार्यकारी अधिकृत) तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**ज. निर्णयउपर उजुरी सुन्ने अधिकारीः**

बैंकको कामकारोवार तथा यसले प्रदान गरेको सेवाको सम्वन्धमा ग्राहकहरुले कुनै किसिमको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रिय स्तरमा बैंकको मुख्य प्रवन्धक श्री रमेश घिमिरेलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम, ठेगाना यस प्रकार रहेको छ ।

श्री रमेश घिमिरे

पदः मुख्य प्रवन्धक

नेपाल एसविआई बैंक लिमिटेड

प्रधान कार्यालय, काठमाडौं,

फोन नंः ०१-२११९९११, फ्याक्सः ०१-४४३५६७१

ईमेलः ramesh@nsbl.com.np

**झ. सम्पादन गरेको कामको विवरणः**

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३) वमोजिम “क” वर्गको ईजाजत प्राप्त बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ ।

**ञ. सूचना अधिकारीको नाम र पद**

बैंकको काम कारोवारका सम्वन्धमा आवश्यक सूचना प्रदान गर्न तपशिल वमोजिमको अधिकारीलाई तोकिएको छ ।

सूचना अधिकारीः रमेश घिमिरे

पदः मुख्य प्रवन्धक

**ट. ऐन, नियम, विनियम, वा निर्देशिकाको सूचीः**

बैंकले व्यवसाय संचालनका क्रममा पालना गर्नुपर्ने देहाय बमोजिमका ऐन, नियम, बिनियम र निर्देशिकाहरु पालना गर्ने गरेको छ ।

१. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ (साबिकको ऐन, २०६३)

२. नेपाल राष्ट्र बैंक ऐन, २०५८

३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

४. कम्पनी ऐन, २०६३

५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४

६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग)ऐन, २०६४

७. धितोपत्र सम्वन्धि ऐन, २०६३

८. सुरक्षित कारोवार ऐन, २०६३

९. करार ऐन, २०५६

१०. विनिमय अधिकारपत्र ऐन, २०३४

११. विदेशि विनिमय (नियमित गर्ने) ऐन, २०१९

१२. उपरोक्त ऐनहरु बमोविमका सम्पूर्ण नियम तथा विनियमहरु

१३. नेपाल राष्ट्र बैंकवाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु

१४. नेपाल राष्ट्र बैंकवाट समय समयमा स्वीकृत भई लागु भएका कर्मचारी सेवा, आर्थिक प्रशासन, कर्जा अपलेखन सम्वन्धि बैंकका विनियमहरु

१५. बैंकिङ्ग लगायतका अन्य कारोवारका क्रममा पालन गरिनुपर्ने अन्य प्रचलित नेपाल कानून

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारेवार सम्वन्धि अद्यावधिक विवरणः**

बैंकले आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धि त्रैमाशिक विरवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गर्दै आएको छ । साथै सो सम्वन्धि विवरण बैंकको वेवसाईटवाट समेत प्राप्त गर्न सकिनेछ ।

**ङ. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना देहाय वमोजिम रहेको छ ।

**श्री अनुकूल भटनागर**

प्रवन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत

नेपाल एसविआई बैंक लि.

केशरमहल, लैनचौर काठमाडौं

फोन नं. ०१-४४३५५१२

**ढ. सूचनाको हक सम्वन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण:**

१. यस बैंकले बैकिङ्ग कारोवार सम्वन्धि कार्य गर्दै आएको छ, त्यसदेखि वाहेक विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना गरेको छैन ।

**२. सार्वजनिक निकायको वेवसाईटभए सो को विवरण:**

www.nepalsbi.com.np

**३.** बैंकले वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा बैंकको वेवसाईटमा समेत प्रकाशन गर्दै आएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमाशिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।